# ECHO OF HIS CALL

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE
REACHING NATIONS

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKODA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXIV — YEAR OF OUR LORD JESUS CHRIST, 2024 AUGUST — No. 08


## पवित्र बाइबल

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**



**परमप्रभुको प्रशंसा**

**भजनसंग्रह ८५:१-९**

१. आफ्नो देशमाथि तपाईंले कृपा देखाउनुभयो, हे परमप्रभु, तपाईंले याकूबको सुख-शान्ति फर्काइदिनुभयो ।

२. आफ्ना जनहरूको अधर्म तपाईंले क्षमा गर्नुभयो, तपाईंले तिनीहरूका सबै पाप ढाक्नुभयो । सेला

३. तपाईंले आफ्नो सबै रोष पन्छाउनुभयो, अनि आफ्नो दन्कँदो क्रोधबाट तपाई फर्कनुभयो ।

४. हे हाम्रा उद्धार गर्ने परमेश्वर, हामीलाई पुनर्स्थापित गर्नुहोस् र हामीप्रतिका तपाईंको अप्रसन्नता हटाइदिनुहोस् ।

५. के तपाई हामीसित सधैं क्रोधित रहनुहुन्छ ? के तपाई पुस्ता-पुस्तासम्म हामीसँग क्रोध गरी नै रहनुहुन्छ ?

६. के तपाईंका प्रजा तपाईंमा रमाऊन् भनेर हामीलाई पुनर्जागृत बनाउनुहुन्न ?

७. हे परमप्रभु, हामीलाई आफ्नो कहिल्यै नटुङ्गिने प्रेम देखाउनुहोस् र हामीलाई तपाईंको उद्धार प्रदान गर्नुहोस् ।

८. परमप्रभु परमेश्वरले के भन्नुहुन्छ, सो म सुन्नेछु । उहाँले आफ्नो प्रजासँग, आफ्ना पवित्र जनहरूसँग शान्तिको प्रतिज्ञा गर्नुहुन्छ, तर तिमीहरू फेरि मूर्खतातिर नलागून् ।

९. निश्चय नै उहाँसँग भय मान्नेहरूका नजिकै उहाँको उद्धार छ र उहाँको महिमा हाम्रो देशमा वास गरोस् ।

# भत्काउनुहुने प्रभु बाल पराजीम

## THE LORD OF BREAKTHROUGHS! BAAL PARAZIM! (2 samuel 5:20)

सम्माननीय प्रधान सम्पादक, रेभ. एन्जलीन सेल्भाकुमारी



मेरा फैलिएर रहनुभएका सम्पूर्ण **बोलावटको प्रतिध्वनिका** परिवारमा अभिवादन । यी पानाहरूद्वारा भएर तपाईंसँग जोडिन पाउन सधैं ठूलो आनन्दको कुरा हो । जसै ग्रीष्म नजिकै आउँदैछ, हामी पनि नयाँ अवसरमा कदम बढाउँदै छौं । हरेक अवसरमा आफ्नै अद्वितीय सुन्दरता हुन्छ । हामीलाई वृद्धिको निम्ति दुवै ताप र वर्षाको आवश्यकता हुन्छ । बाइबलले हामीलाई सिकाउँछ कि **परमेश्वरले हरेक थोकहरूलाई आफ्नो समयमा सुन्दर बनाउनुभएको छ** (उपदेशक ३:११) । सोलोमनले भनेका थिए, सूर्यमुनि हरेक थोकको निम्ति समय र अवसर छ । यो वर्ष अहिलेसम्म तपाईंले अनुभव गर्नुभएको अनुभवको अवसरको बारेमा म अनिश्चित छु तर याद राख्नुहोस्, अझै राम्रो थोक आउन बाँकी छ । सबैभन्दा महत्वपूर्ण पक्ष भनेको परमेश्वरको प्रतिज्ञालाई अङ्गाल्न सिक्नु हो । प्रायः हामी परमेश्वरको प्रतिज्ञाको बारेमा जानकार हुन्छौं तर त्यसलाई आफ्नै बनाउन सङ्घर्ष गर्दछौं ।

बाँकी पृष्ठ ३ मा


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान २ बजे देखि**

**तामिल आइतवार सेवा: बिहान ८:३० बजे**

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



REACHING NATIONS

# तपाईंको प्रिय भाइबाट....




**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

**HON. EDITOR-IN-CHIEF**

Rev. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.

**HON. MANAGING EDITOR**

Pastor Alex Samson Sam, B.Th., M.Div.

**GENERAL MANAGER**

Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM., MBA.

**ADMINISTRATION**

Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)

**EDITORIAL BOARD**

Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran

**EDITOR, PUBLISHER & PRINTER**

Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858 95661 31858

**E.MAIL**

sam@echoofhiscall.org
biblecor@yahoo.co.in

**WEBSITES**

www.echoofhiscall.org
www.stpaulsmatriculation.com

**YOUTUBE CHANNEL**

Echo of His Call


**परमेश्वरलाई महिमा होस्, जसले मेरो प्रार्थना अस्वीकार गर्नुभएको छैन, न त मबाट उहाँको प्रेम हटाउनुभएको छ**
(भजनसंग्रह ६६:२०) ।

प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू,

हाम्रो प्रभु र मुक्तिदाता, येशू ख्रीष्टको नाउँमा **बोलावटको प्रतिध्वनिको** मुख्यालयबाट तपाईं र तपाईंका प्रियहरूमा न्यानो अभिवादन ।

हाम्रो निम्ति तपाईं साँच्चै कति विशेष हुनुहुन्छ भनेर हामी अभिव्यक्त गर्न चाहन्छौं ! वर्षौंदेखि तपाईं, तपाईंका अभिभावक र हजुरबुबा, हजुरआमाको साथमा १९६९ मा **बोलावटको प्रतिध्वनिको** सुरुवातदेखि यहाँ हामीसँगको आत्मिक यात्रामा साथमा हुनुहुन्छ । परमेश्वरको अनुग्रहमाथि मनन गर्दा यस कुराले हामीमा ठूलो आनन्द ल्याउँछ, जुन त्यो सारा समयमा हामीसँग थियो ।

जसै १० अगस्तमा **बोलावटको प्रतिध्वनि** र यसका विविध सेवकाइहरू ५६ औं वर्षमा प्रवेश गरेका छन्, यी वर्षभरि नै हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको विजय र विश्वासयोग्यता मनाउन हामी तपाईंसँग हातेमालो गर्दछौं । परमेश्वरको मानिसको दृष्टिमा हाम्रो अपर्याप्त कार्यहरू भए पनि हामीप्रति तपाईंको निरन्तरको दयाको निम्ति हामी तपाईंप्रति कृतज्ञ छौं र धन्यवाद दिन्छौं । तपाईंका प्रार्थना, सहयोग र सहायता हाम्रो निम्ति ठूलो रहेको छ । परमेश्वरले स्वर्गको ढोको खोल्नुहुनेछ र तपाईंमाथि पनि उहाँको प्रशस्त आशिष् खन्याउनुहुनेछ भन्ने मेरो इमानदार प्रार्थना रहेको छ ।

परमेश्वरको इच्छा भएमा हामीले यो वर्षको अगस्त ९ देखि ११ तारिखसम्म भद्र तरिकामा हाम्रो ५६ औं वार्षिकी सुसमाचारीय भेला आयोजना गर्नेछौं । यो कार्यक्रममा हाम्रो मुख्य मण्डलीमा साँझको सुसमाचारीय भेला, युवा क्रियाकलापहरू र बालबालिकाको कार्यक्रम हुनछ । तपाईंले चेन्नाइ भ्रमण गर्दै हुनुहुन्छ भने हामी तपाईंलाई सहभागी हुन हार्दिक निमन्त्रणा गर्दछौं ।

देखावटी रूपमा मनाउनको निम्ति हामीसँग कुनै अर्थ नभएको हुनाले हामीले यी दिनहरूमा हामीसँग उपलब्ध भएका स्रोतहरूका साथमा हाम्रो विश्वासयोग्य मालिक येशू ख्रीष्टको महिमाको प्रचार गर्न हामी समर्पित छौं ।

जसै हामीले हाम्रो मिसन केन्द्रहरूमा भ्रमण गर्न सुरु गरेका छौं, हामीले हालै जून २८ देखि ३०, २०२४ मा उत्तरी भारतको गुजरात प्रान्तमा भएको दुम्बा र अकिरपाडा भन्ने दुई ग्रामीण गाउँहरूमा भ्रमण गरेका थियौं । हामीले भारत र त्यहाँभन्दा बाहिर रहेका अन्य धेरै स्थानहरूमा भ्रमण गर्ने योजना बनाएका छौं । हाम्रा प्रयासका निम्ति तपाईंका प्रार्थना हामीले स्वीकार गर्दछौं ।

परमेश्वरको अनुग्रहद्वारा हामी जहाँ गए पनि निरन्तर सुसमाचार फैलाइरहेका, अगुवाहरू हुर्काइरहेका र मण्डलीहरू स्थापना गरिरहेका छौं, हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको महिमाको निम्ति मात्रै ।

हाम्रा परिवारहरू र सेवकाइहरूमा विभिन्न प्रकारका परीक्षाहरू र समस्याहरू सामना गरिरहे पनि तपाईंको निरन्तरको सहायताको निम्ति हामी कृतज्ञ छौं । हामी तपाईंसँग हातेमालो गरेर अघि बढ्छौं । हामीलाई तपाईंको विचार र कार्यमा राख्नुहोस्, जसरी प्रभुले तपाईंलाई अगुवाइ गर्नुहुन्छ । हामीले तपाईंलाई हाम्रा हृदयमा राखेका छौं र तपाईंको निम्ति प्रार्थना गर्दछौं ।

प्रेम र आशिष्को साथमा,

ख्रीष्ट येशूमा तपाईंका सेवकहरू,

*पा. एलेक्स सामसन साम*
*पा. एस. साम सेल्भाराज*

(+91) 98412 71858 / 98410 71858, E.mail : sam@echoofhiscall.org

**Our Ministries:** ECHO OF HIS CALL Monthly Magazines (16 languages) ◘ BIBLECOR - Postal Courses (3 languages) ◘ YouTube Ministry ◘ Online Courses ◘ Theological Correspondence Courses (2 languages) ◘ Church Planting ◘ Nehemiah Bible Colleges ◘ Gospel Printing Press ◘ Great Commission Partners ◘ St. Paul's Matriculation School ◘ Crusades ◘ Community Development

## विनम्र अनुरोधः बोलावटको प्रतिध्वनिका पाठकहरूलाई

हाम्रो ५ मिनेट बोलावटको प्रतिध्वनि यूट्यूब सन्देशहरू (हरेक दिन) तामिल, तेलगु, अंग्रेजी र हिन्दी भाषामा बिहान २ बजेदेखि प्रशारण भइरहेका छन् । सन्देशहरू हेरेर तपाईंले परमेश्वरको अनुग्रह प्राप्त गर्न सक्नुहुन्छ ।

साथै, तपाईंको मोवाइल फोनहरूमा मेरो मोवाइल नम्बरहरू (९१) ९८४१० ७१८५८, (९१) ९८४१२ ७१८५८ (व्यक्तिगत) सेभ गर्नुहोस् ।

**पा. एस. साम सेल्भाराज**

*पृष्ठ १ बाट*

हाम्रो जीवनमा परमेश्वरको प्रतिज्ञाहरू स्पष्ट भएको गवाही बन्न हप्ताहरू, महिनाहरू, वर्षहरू वा दशक पनि लाग्न सक्छ। इस्राएलको राजा बन्न शमूएलले दाऊदलाई अभिषेक गरिसकेपछि तिनले आफ्नो जीवनमा अगमवाणी पूरा भएको देख्न १५ देखि २० वर्षभन्दा धेरै समय पर्खनु परेको थियो । परमेश्वरले हतार गर्नुहुन्न नता ढिला गर्नुहुन्छ, उहाँ आफ्नो सिद्ध समयअनुसार काम गर्नुहुन्छ। उहाँले तोक्नुभएको समयमा उहाँको योजना उहाँले कसरी देखाउनुहुन्छ भनेर हामीले धैर्यताका साथ पर्खनुपर्छ । दाऊदले यो कुरा बुझेका थिए, त्यसकारण तिनले भजनसंग्रहमा आफैंलाई बारम्बार "परमप्रभुमा पर्खन" सम्झाएका छन् । यही विचारलाई तिनले आफ्नो भजनमा धेरै पटक दोहोऱ्याएका छन् । बाइबलमा परमेश्वरको स्वभावहरूका बारेमा दाऊदको वर्णन अतुलनीय छन्: प्रार्थना जवाफ दिने परमेश्वर, हाम्रो आँसु राख्ने, गोठालो, शरणस्थान, शरण, मार्गनिर्देशक, मित्र, आमा, बुबा, पति, सहकर्मी, चट्टान, छायाँ र गोठालो । उहाँको नाउँले तिनको जीवनको अनुभवलाई अद्वितीय रूपमा प्रतिबिम्बित गरेको छ । मसँगै मिल्ने एउटा नाउँचाहिँ बाल पराजीम हो, जुन २ शमूएल ५:२० मा पाइन्छ, जसको अर्थ भत्काउनुहुने परमेश्वर हो । जसरी पानी जोडको साथ अघि बढ्छ र आफ्नो बाटोमा आउने हरेक बाधाहरूलाई तोड्दछ, त्यसरी नै परमेश्वरले बाधाहरू भत्काउनुहुनेछ र सफलता ल्याउनुहुनेछ । यो अत्यन्तै शक्तिशाली नाम हो ।

दर्शनअनुसार व्यक्तिहरू, व्यापारहरू र घरहरूको नाम एउटा अभ्यास हो, जसले महत्वपूर्ण अर्थ र शक्ति बोक्दछ । जब नाम राखिन्छ, परमेश्वरबाट बुद्धि खोजी गर्न सल्लाह दिइन्छ, किनकि नामहरूले विशेष अभिषेक बोक्दछ भनेर विश्वास गरिन्छ । बाइबलमा नामहरूले प्रायः अत्यन्तै धेरै महत्व बोक्दछ ।

## रपाईको बेंसी !

बल पराजीम नामको बारेमा केही पृष्ठभूमि प्रदान गर्न दिनुहोस् ।

२ शमूएलको ५ अध्यायमा इस्राएलको राजाको रूपा दाऊदको अभिषेकले तिनको जीवनमा महत्वपूर्ण अवसरलाई इङ्गीत गरेको थियो । परमेश्वरको भलाइमा आनन्द गर्नु र जीवनको रूखजस्तै पूर्णताको अनुभव गर्नुको साटो (हितोपदेश १३:१२) दाऊदले तुरुन्तै चुनौतीको सामना गरे । झुटको पिता र गर्जने सिंहको रूपमा देखाइएको दुष्टले दाऊदमाथि खन्याइएको आशिष्लाई कम आंकलन गराउने उद्देश्यले दाऊदको शान्ति, आनन्द र खुसी भंग गर्न खोजेको थियो ।

दाऊदको अभिषेकको बारेमा थाहा पाएर पलिश्तीहरूले आफैंलाई रपाईको बेंसीमा राखे, जसको अर्थ रणभूमि थियो, जहाँ दैत्यहरू घुमिरहन्थे ।

## (१) परमेश्वरको योजनाको केन्द्रमा रहनाले शैतानको ध्यानलाई निम्त्याउनेछ !

जब परमेश्वरको इच्छासँग मिल्ने कुरा हुन्छ, तब विरोधको सामना गर्नुपर्ने कुरा शत्रुको शक्तिबाट भएको यो रणनैतिक चालले प्रदर्शन गर्दछ । परमेश्वरको योजनामा भर परेको प्रदर्शन गर्दै आउन लागेको खतरालाई पहिचान गर्दै दाऊदले लडाइँमा जानुअघि ईश्वरीय निर्देशनको खोजी गरे ।

घेरिएको र जालमा परेको महसुस गरे पनि विश्वासीहरूले परमप्रभु परमेश्वर सर्वव्यापी हुनुहुन्छ भनेर सम्झन उत्साहित हुनुपर्छ । शत्रुको किल्लाको रूपमा लिइएको रपाईको बेंसी ईश्वरीय हस्तक्षेपको स्थान बनेको थियो किनकि परमेश्वरले पानीले भत्काएझैं विरोधीहरूलाई तितरबितर पार्नुभएको थियो । यो विजयले परमेश्वरको भूमिकालाई बाल-पराजीम, भत्काउनुहुने परमेश्वरको रूपमा जोड दिएको थियो, पक्का भएको हारलाई विजयमा परिणत गर्न सक्नुहुने ।

प्रिय मित्रहरू, तपाईं जहाँ भए पनि, तपाईंले आफैंलाई जस्तोसुकै परिस्थितिमा पाए पनि, म तपाईंलाई खुसी हुन, निडर हुन र बलियो हुन उत्साह दिन्छु किनकि हामीले भत्काउनुहुने परमेश्वरको सेवा गर्दछौं ! उहाँ हामीभन्दा अघि जानुहुनेछ र हाम्रा शत्रुहरूलाई पराजीत पार्नुहुनेछ भनेर उहाँले हामीलाई निश्चित पार्नुहुन्छ । पलिश्तीहरूमाथि परमेश्वरले दाऊदलाई दिनुभएको विजय महत्वपूर्ण छ, सबै बाधाहरूलाई तोड्ने पानीको शक्तिशाली धारझैं । त्यसकारण, दाऊदले त्यो विजयको स्थानलाई सफलताको स्थान भी नाम दिए ।

प्रिय मित्रहरू, याद राख्नुहोस्, यो तपाईंको सफलताको स्थान हो ! प्रार्थना गर्नुहोस्, यसलाई दाबी गर्नुहोस्, यसलाई स्वीकार गर्नुहोस् र आत्मविश्वासको साथमा घोषणा गर्नुहोस् । "यो मेरो सफलताको अवसर हो । बाल पराजीमले मलाई अगुवाइ गर्नुहुनेछ, म, मेरो परिवार, मेरो विवाह, मेरो व्यापार, मेरो सेवकाइको विरुद्धमा बनाइएका हरेक हतियार नष्ट हुनेछ... उहाँ बाल पराजीम हुनुहुन्छ ।" यो कुरालाई अटल विश्वासको साथमा ठूलो सोरले भन्नुहोस् । हालको अवस्थामा केन्द्रित नहुनुहोस्, प्रभुको योजनामा भरोसा गर्नुहोस् । जसरी सात दिनसम्म यरीहोको पर्खालको वरिपरि हिँड्नु इस्राएलीहरूका निम्ति बेतर्कको जस्तो देखिन्थ्यो, हामीले पनि आफ्नै बुझाइमा भर पर्नुहुँदैन । परमेश्वरले आफ्ना मानिसहरूलाई मोशाको हातमा भएको लौरोभन्दा अरू कुराले छुटकारा दिनुहुन्न भनेर विश्वास गर्न मोशाको लागि कुनै अर्थ राखेको

थिएन। विश्वासको आँखाले हेर्नुहोस्, परमेश्वर बाल पराजीमको रूपमा परमेश्वरलाई विश्वास गर्नुहोस्, जसले हाम्रा शत्रुहरूमाथि विजय गर्न अघि गइरहनुभएको छ। आमेन !

## (२) जब खतरामा पर्नुहुन्छ, परमेश्वरको उपस्थितिमा जानुहोस् !

जब हामीले खतराको सामना गर्छौं र पाप वा स्थिरताको चक्रमा आफैंलाई फसाउँछौं, जहाँ प्रगतिको महसुस गर्न सकिँदैन, हामीले सफलताको निम्ति परमेश्वरको उपस्थितिको खोजी गर्नु जरुरी हुन्छ। आफू शत्रुबाट घेरिएको थिएँ भनेर महसुस गरेर दाऊद अगुवाइको निम्ति प्रभुतिर फर्किए। हाम्रो पहिलो प्रतिक्रियाको रूपमा के हामीले आफ्ना समस्या प्रभुको अघि ल्याउँछौं ? तपाईंका क्रियाकलापहरूलाई रोक्नुहोस्, परमेश्वरको किल्लामा शरण लिनुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्। नम्रताको साथमा सोध्दै, खोजी गर्दै र उहाँको ढोकामा ढक्ढक्याउँदै उहाँको उपस्थितिमा जानुहोसे। परमप्रभुको नाउँ बलियो किल्ला हो, धर्मात्माहरूले उहाँमा सुरक्षा पाउँछन्।

जब दाऊदले आफैंलाई घेरिएको पाउँथे, तिनले ईश्वरीय हस्तक्षेपको निम्ति प्रार्थनामा घुँडा टेकेर परमेश्वरको अगुवाइको खोजी गर्थे। २ शमूएल ५:१९ मा यस्तो लेखिएको छ: परमेश्वरले प्रतिक्रिया दिनुभयो। हामीलाई सुन्नुहुने र प्रार्थनाको जवाफ दिनुहुने परमेश्वरको आराधना गर्दछौं, तर हाम्रो पहुँच भनेको इमानदार हुनुपर्छ। सफलता पाउनको निम्ति हामीले अल्मल्याउने कुराहरूलाई एकातिर राखेर, सावधानीपूर्वक केन्द्रित गरेर र उहाँको प्रतिक्रिया स्पष्ट नभएसम्म अटल भएर परमेश्वरको अगुवाइ निरन्तर खोजी गर्ने कुरामा गम्भीरता देखाउनुपर्छ। अवस्था जति धेरै जटिल हुन्छ, त्यति नै हाम्रो प्रार्थना निरन्तर हुनुपर्छ। विश्वासीको समुदायसँग एकअर्काको सम्बन्धलाई बलियो बनाउनु पनि महत्वपूर्ण हुन्छ।

## (३) रपाईको बैंसीबाट बाल पराजीमतिर बढ्नु- एउटा रूपान्तरण !

पलिश्तीहरू रपाईको बेसीमा पर्खिरहेका पलिश्तीहरूले दाऊदलाई हानि गर्ने योजना गरिरहेका र रोक्ने कोसिस गरिरहेका थिए। सांकेतिक रूपमा रपाईको बैंसीले त्यस्तो स्थानलाई इङ्गीत गर्दछ, जहाँ शैतानले कसैको जीवनमा परमेश्वरको योजनालाई रोक्न, हानि गर्न र नष्ट गर्न आफैंलाई तयारी अवस्थामा राख्दछ, जसमा तिनीहरूका सन्तान र बोलावट पनि समावेश हुन्छ। जबकि केही मानिसहरूले आफैंलाई असफलता, पराजय र निरासाको बैंसीमा पाउन सक्छन्, यो त्यस्तो स्थान हुन सक्छ, जहाँ तिनीहरूको विषम कुराहरू पराजीत हुनेछ, भयमा भाग्नेछन्। गर्जने सिंहझैं शत्रुहरूको डरलाग्दो उपस्थिति भए पनि ठीक यहीँ नै परमेश्वरले महत्वपूर्ण विजय योजना गर्नुहुनेछ- खेलको मैदान- विजयलाई परिवर्तन गर्दै।

## बाल पराजीम !

बाल पराजीम दाऊदले पलिश्ती देवताको नामअनुसार स्थानको नाउँ दिएका थिए। बाल भन्ने शब्दले महत्वपूर्ण स्थानलाई इङ्गीत गर्दछ, जहाँ शत्रुको वर्तमान शक्तिलाई परमेश्वरको हस्तक्षेपद्वारा पराजीत गरिएको छ। यस शब्दले शत्रुको किल्लामाथि परमेश्वरको विजयी शक्तिको करारको रूपमा सेवा गर्दछ। आज, परमेश्वरले ठीक त्यस्ता क्षेत्रहरूमा हामीलाई सफलता दिन चाहनुहुन्छ, जहाँ हामीले शत्रुको पञ्जा भएको महसुस गर्दछौं। जसरी दाऊदले प्रतिनिधित्व गरेका छन्, हाम्रो पक्षमा परमेश्वरका नदेखिएका कामहरूलाई थाहा गर्ने हाम्रो सीमितताको कारण हाम्रो जीवनको निम्ति परमेश्वरको योजनाको पूर्णता थाहा गर्न प्राय: हामी असफल हुन्छौं। जीवनको सबैभन्दा चुनौतीपूर्ण रणभूमिमा पनि विजयको परिणाममा अगुवाइ गर्न प्रभुको विश्वासयोग्यतामा भरोसा गर्नुपर्दछ।

इस्राएलका मानिसहरूलाई परमेश्वरको स्वर्गदूतका सेनाहरूले अगुवाइ गरेको भए

..Contd to page 6

RESIDENTIAL BIBLE COURSE
NEHEMIAH BIBLE COLLEGE, Chennai.

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE
REACHING NATIONS

Medium : Hindi

Recognised by International Christian Leaders & Senior Pastors for the past 54 years

Rush for Admission!

Diploma in Theology

Qualification : 10th Standard & above

Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

★ ONLINE CLASSES ARE AVAILABLE ★

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES SINCE 1989

# महान् आज्ञा सहयोगीहरु

## बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

**PRAISE & PRAYER POINTS - From August 19 To September 18, 2024**

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

## परमेश्वरलाई प्रशंसा गरौं...

अगस्त: १९: हाम्रो **नहेम्याह बाइबल कलेजको** संकाय र उहाँहरूका परिवारका सदस्यहरूलाई आशिष् दिनुभएको निम्ति ।

अगस्त २०: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरूप्रति उहाँको कृपाको निम्ति ।

अगस्त २१: समर्पित सहसम्पादकहरूका साथमा हाम्रो सेवकाइलाई आशिष् दिनुभएको निम्ति, जसले **बोलावटको प्रतिध्वनि** पत्रिका सेवकाइलाई सहायता गर्नुहुन्छ ।

अगस्त २२: समर्पित कर्मचारीहरूका साथमा हामीलाई आशिष् दिनुभएको निम्ति, जसले एकै मनको साथमा आफ्ना जिम्मेवारी पूरा गर्नुहुन्छ ।

अगस्त २३: प्लेट बनाउनेहरू, प्लेट ग्राइन्डरहरू, छापाखानामा मसी पठाउनेहरू, स्क्रिन प्रिन्टरहरू, आदिबाटको बाहिरी सहायताको साथमा हाम्रो **बोलावटको प्रतिध्वनि सेवकाइहरूलाई** आशिष् दिनुभएको निम्ति ।

अगस्त २४: नैतिक र आर्थिक रूपमा हामीलाई सहायता गर्ने साझेदारहरूका साथमा हामीलाई आशिष् दिनुभएको निम्ति ।

अगस्त २५: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका** प्रधानाध्यापक, कर्मचारी र विद्यार्थीहरूका साथमा आशिष् दिनुभएको निम्ति ।

अगस्त २६: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज र पत्राचार कोर्सहरूमा** उहाँको आशिष्को निम्ति ।

अगस्त २७: मिसनको काम गर्नेहरूबाट आएको ठूलो समर्पणताको निम्ति ।

अगस्त २८: १० अगस्त २०२४ मा आयोजना भएको हाम्रो ५६ औं वार्षिक समारोहमा आशिष् दिनुभएको निम्ति ।

अगस्त २९: हाम्रो सिनियर पास्टर र उहाँको परिवारप्रति उहाँको वास्ताप्रति ।

अगस्त ३०: रेभ. एस. साम सेल्भाराज र टोलीले सुरत, गुजरातमा गर्नुभएको मिसन भ्रमणको निम्ति ।

अगस्त ३१: गएको महिनाको हाम्रा आवश्यकताहरू पूरा गरिदिनुभएको निम्ति ।

सेप्टेम्वर: १: हाम्रा मण्डलीहरूमा नयाँ सदस्यहरू थपिदिनुभएको निम्ति ।

सेप्टेम्वर २: **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** भएका नयाँ भर्नाको निम्ति ।

सेप्टेम्वर ३: हाम्रा सम्पूर्ण कर्मचारीहरू र उहाँका परिवारहरूको सुरक्षाको निम्ति ।

## कृपया प्रार्थना गरौं...

सेप्टेम्वर ४: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराजले संचालन गर्नुभएको बहुसंख्यक सेवकाइहरूका निम्ति उहाँलाई नयाँ दर्शनको साथमा आशिष् दिनुभएको होस् ।

सेप्टेम्वर ५: मुख्य मण्डली र शाखा मण्डलीका **बोलावटको प्रतिध्वनिका** विश्वासीहरू र उहाँका परिवारको हीतको निम्ति ।

सेप्टेम्वर ६: सम्पूर्ण ख्रीष्टियान संस्थाहरू र मण्डलीहरूमाथि आशिष् र सुरक्षाको निम्ति ।

सेप्टेम्वर ७: हाम्रो सेवकाइको बिस्तार र संसारभरि सुसमाचारको फैलावटको निम्ति ।

सेप्टेम्वर ८: ख्रीष्टियान प्रचारकहरूले बिना कुनै परिवर्तनका साथ सिद्ध रूपमा सुसमाचार प्रचार गरून् ।

सेप्टेम्वर ९: सबै देशहरूमा एकता र शान्तिको निम्ति ।

सेप्टेम्वर १०: छापाखानामा भएका हाम्रा प्रिन्टर, सहप्रिन्टर र सम्पूर्ण कर्मचारीको निम्ति ।

सेप्टेम्वर ११: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारका सदस्यहरूलाई सम्पूर्ण प्रकारका दुष्ट शक्तिबाट सुरक्षाको निम्ति ।

सेप्टेम्वर १२: हाम्रो सेवकाइको क्रियाकलापहरू र फैलावटको निम्ति ।

सेप्टेम्वर १३: भारतका सुसमाचार नपुगेका स्थानहरूमा सुसमाचारको साथमा पुग्न हामीलाई सक्षम बनाइदिनको निम्ति ।

सेप्टेम्वर १४: संसारभरि भएका सम्पूर्ण महिला र बालबालिकाको सुरक्षाको निम्ति ।

सेप्टेम्वर १५: हरेक मद्यपान गर्ने र दुष्ट काम गर्नेहरूले प्रभुलाई भेट्न पश्चात्ताप गर्न सकून् ।

सेप्टेम्वर १६: हाम्रो **नहेम्याह बाइबल कलेजहरूमा** नयाँ विद्यार्थीहरूको भर्नाको निम्ति ।

सेप्टेम्वर १७: हाम्रो प्रान्तीय संयोजकहरू र उहाँका परिवारहरूको हीतको निम्ति ।

सेप्टेम्वर १८: परमेश्वरले यो महिनाका हाम्रा आवश्यकता पूरा गरिदिनुभएको होस् ।

पृष्ठ ४ बाट

पनि तपाईंले लामो समयदेखि पर्खनुभएको अत्याधिक विजय तपाईंको जीवनमा ल्याउन उहाँले सक्रिय रूपमा काम गरिरहनुभएको छ । यस सिद्धान्तले ठूलो महत्व राख्दछ किनभने प्रायः जब परमेश्वरले शान्त रूपमा हाम्रो जीवनमा काम गरिरहनुहुन्छ, हामीले गलत रूपमा उहाँको अनुपस्थिति लिन्छौं, त्यागिएको महसुस गर्छौं ।

प्रभुमा प्रिय दाजुभाइ तथा दिदीबहिनी, यो निडरताका साथ घोषणा गर्नुहोस्, यो मेरो विजयको क्षण हो । आज मेरो विजयको सुरुवातको अवसर हो । जसरी परमेश्वरले दाऊदको निम्ति रपाईको बेंसीलाई बाल पराजीममा रूपान्तरण गर्नुभयो, उहाँ आज हामी हरेकको निम्ति त्यस्तै गर्न तयारी अवस्थामा हुनुहुन्छ ।

२ शमूएल ५:२१ मा **पलिश्तीहरू भागेका, आफ्नो भएका थोकहरूलाई त्यागे किनकि दाऊदको सेनाले ती सबै जलाएर नष्ट गरिदिए ।**

म प्रार्थना गर्दछु कि परमप्रभु तपाईंभन्दा अघि जानुहुनेछ, बाँकी रहेका शत्रुलाई उन्मूलन गर्न तपाईंलाई सुसज्जित गर्दै तपाईंको संघर्षको बेंसीलाई प्रशस्त आशिषको स्थानमा परिणत गर्नुहुनेछ । याद राख्नुहोस्, जब तपाईंले आफैंलाई शत्रुको निरन्तरको आक्रमणमा पाउनुहुन्छ, निरास नहुनुहोस् किनकि तपाईं सही स्थानमा हुनुहुन्छ- परमेश्वरले तपाईंको जीवनमा अचम्मको कामहरु गरिरहनुभएको छ ।

हाम्रा कठिनाइहरू भागेका छन्, जुन परमेश्वरको हस्तक्षेपबाट भत्किएको छ । तिनीहरूको विरोध गर्ने सबैलाई दाऊदका सेनाले जलाइदिए, केही पनि बाँकी राखेनन् तर ती खरानी भए ।

************

# परमप्रभु असल गर्नेहरूका साथमा होऊन् ! (२ इतिहास १९:११)

**(मण्डलीमा पास्टर एस. साम सेल्भाराजले दिनुभएको सन्देश)**

विश्वासयोग्य जीवन जिउनुको इनाम प्रायः बाहिरि रूपमा देखिँदैन । झुटमा जिइरहेका मानिसहरूलाई हामी देख्न सक्छौं र रित्तोपना ठूलो रूपमा वृद्धि भएको देख्छौं । यस कुराले हामीलाई यस्तो सोच्ने बनाउन सक्छ, "विश्वासयोग्य जीवन जिउनुको उपयोग के नै छ र ?" तर जब दिनहरू बित्दै जान्छ, विश्वासयोग्य भएका मानिसहरूले प्रशस्त मात्रामा ईश्वरीय सहायता प्राप्त गर्छन् । **"विश्वासयोग्य मानिसले बेसरी आशिष् पाउँछ..."** (हितोपदेश २८:२०) ।

१. परमेश्वरले तिनीहरूका प्रार्थना तुरुन्तै सुन्नुहुन्छ ।

२. परमेश्वरले तिनीहरूका निवेदन स्वीकार गर्नुहुनेछ ।

३. तिनीहरू खतरामा पर्दा तिनीहरूलाई सहायता गर्न परमप्रभुका दूतहरू सधैं तयार हुनेछन् ।

राजा हिजकिया परमेश्वरको अघि धर्मी थिए: **"हिजकियाले परमप्रभु इस्राएलका परमेश्वरमाथि भरोसा राखे । यहूदाका सबै राजाहरूमध्ये तिनका अघि हुने अथवा तिनीपछि आउने कुनै पनि तिनीजस्ता भएनन् । तिनी परमप्रभुको भक्त भइरहे र उहाँको पछि लाग्न छोडेनन् । परमप्रभुले मोशालाई दिनुभएका आज्ञाहरू तिनले पालन गरे । अनि परमप्रभु तिनीसँग रहनुहुन्थ्यो । तिनले गरेका सबै काममा तिनी सफल भए..."** (२ राजा १८:५-७) ।

२ राजा २० अध्यायमा, सोही राजालाई गम्भीर रोगमा परेको हामीले पाउँछौं । तिनले आफ्नो अनुहार भित्तातिर फर्काए र यसो भन्दै परमप्रभुमा प्रार्थना गरे, "**हे परमप्रभु, सम्झना राख्नुहोस्, म तपाईंको सामुन्ने कस्तो विश्वास र सम्पूर्ण हृदयको भक्तिसाथ हिंडेको छु र तपाईंको दृष्टिमा जे असल छ त्यो गरेको छु..."** (१ राजा २०:३) ।

योभन्दा पहिले हामीले पत्रिका ख्रीष्टियान छापाखानामा छाप्ने गर्थ्यौं । एक पटक त्यो छापाखानाको सुपरीवेक्षकले मलाई बताए, "पास्टर, जब हामीले संसारका मानिसहरूका निम्ति केही अर्डर लिन्छौं, हामीले त्यसको निम्ति पैसा पाउँछौं भनेर निश्चित हुन्छौं । तर जब हामीले केही काम परमेश्वरका सेवकहरूका निम्ति गर्छौं, तिनीहरूबाट पैसा लिन अत्यन्तै कठिन हुन्छ । जबकि तिनीहरूसँग पैसा हुन्छ, तिनीहरूले पैसा तिर्न अनिच्छा गर्छन् । तिनीहरूले परमेश्वरको निम्ति कसरी काम गर्छन् भनेर म छक्क पर्छु ।"

बाइबलमा हामीले विश्वासयोग्य भएका र धर्मी मानिसहरू पाउँछौं । विश्वासयोग्य हुने र असल

बाँकी पृष्ठ ८ मा

NEHEMIAH BIBLE
EVENING COLLEGE
Chepauk & Santhoshapuram, Chennai.
ECHO OF HIS CALL 1966-2016
REACHING NATIONS
Medium :Tamil
Rush for admission!
Recognised by International Christian Leaders &
Senior Pastors for the past 54 years
Diploma in Theology
Qualification : 10th Standard & above
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, BELLS ROAD, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
3. **BIBLECOR** - Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes – Seminars & Retreats
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
13. **Early Morning Service : 5.30 a.m. Sunday**
14. **Preliminy Service : 8.00 a.m. Sunday**
15. **Tamil Service : 8.30 a.m. Sunday**
16. **Youth Meeting : 11.00 a.m. Sunday**
17. **Fellowship Lunch : 1.00 p.m. Sunday**
18. **Hindi Service : 4.00 p.m. Sunday**
19. **Telugu Service : 5.00 p.m. Sunday**
20. **English & Hindi Service : 6.00 p.m. Sunday**
21. Feedback Time : 7.30 p.m. Sunday
22. Women's Prayer : 5.30 p.m. Wednesday
23. Men's Prayer : 7.00 p.m. Friday
24. Discipleship Meeting : 6.00 p.m. Saturday
25. House Meetings : 6.30 p.m. Tuesday & Thursday
26. Special Holy Communion : 6.00 a.m. 1st day of each month
27. Ministers' Meeting : 6.00 p.m. First Saturday
28. Parents' Prayer : 4.00 p.m. First Sunday
29. Night Prayer : 9.30 p.m. Third Friday
30. Fasting Prayer : 9:30 a.m. Second Saturday
31. Holy Communion : Second Sunday Services
32. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
33. Staff Devotion : 9.00 a.m. daily
34. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैहूखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन**। यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागिः**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्न हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

## “जसले पढ्छ, त्यसले बुझोस्” (मत्ती २४:१५)।

**...परमप्रभुको आशा गर्नेहरूको बल फेरि नयाँ हुनेछ,... मूर्च्छा पर्नेछैनन् (यशैया ४०:३१)।**

सन् १९७२ सालमा मेरो प्रारम्भिक दिनहरूमा चेन्नाइको साइदापेट भन्ने स्थानमा सुसमाचारीय क्रुसेड आयोजना गर्न परमप्रभुको आत्माले मलाई अगुवाइ गर्नुभएको थियो। मानिसहरूलाई क्रुसेडमा निम्त्याउनको लागि हामीले भित्तेपोस्टरहरू, हातेपर्चाहरू, आदिद्वारा पर्याप्त मात्रामा विज्ञापन गरेका थियौं। मेरा सहकर्मीहरूको सहायतासँगै मैले सम्भव भएसम्म धेरैभन्दा धेरै मानिसहरूलाई ल्याउने कोसिस गरें।

यो कार्यक्रमको निम्ति मात्रै धेरै प्रार्थना गरिएको थियो। मेरा केही साथीहरूले आफ्ना सांगितिक वाद्यवादनहरू र विशेष गीतका कागजहरू ल्याउनुभएको थियो। क्रुसेडको सुरुवातको समयमा हामीले त्यहाँ कुनै मानिस आएको देख्न सकेका थिएनौं। तर हामीले लामो समयसम्म पर्खिरह्यौं। अन्त्यमा, क्रुसेडमा सहभागी हुन दुई दाजुभाइ आए। क्रुसेडको निम्ति परिश्रम गर्ने मेरा सबै सहकर्मी भाइहरूले निरासा महसुस गर्नुभयो। परमेश्वरले हाम्रा इमानदार प्रार्थनाको जवाफ र हाम्रो परिश्रमलाई आदर किन गर्नुभएन भनेर तिनीहरूले मलाई सोधे। परमेश्वरले आफ्नो जवाफ आफ्नै तरिकामा दिन सक्नुहुन्छ भनेर मैले तिनीहरूलाई बताएँ। मैले वास्तवमै आशा गुमाइनँ। परमप्रभु मेरो परमेश्वरमा मैले बल पाएँ (१ शमूएल ३०:६)।

तापनि हामीले आराधना सेवा संचालन गऱ्यौं र मैले शक्तिशाली सन्देश प्रचार गरें र दुई सहभागीहरूमध्ये एक जना प्रभुलाई ग्रहण गरे र पछि उहाँले आफैंलाई मसँगै परमप्रभुको निम्ति काम गर्न समर्पित गर्नुभयो।

अहिले, भारत र भारतभन्दा बाहिरका देशहरूमा हजारौं मानिसहरू भेला भएका क्रुसेडहरूमा प्रचार गर्न परमेश्वरले मलाई उचाल्नुभएको छ। परमेश्वरको नाउँ महिमित भएको होस्। यसको निम्ति मैले धैर्यता र विश्वासको साथमा केही वर्षसम्म पर्खनुपरेको थियो।

प्रिय दाजुभाइ तथा दिदीबहिनी, के तपाईंले असफलताको जहाज चलाइरहनुभएको छ? के तपाईंका सम्पूर्ण परिश्रम र उपवास प्रार्थनाले फल फलाएका छैनन् भनेर तपाईंले सोच्नुहुन्छ? कहिलेकाहीं जब हामी महान् र तुरुन्तै आशाको साथमा सक्रिय हुन्छौं, उहाँप्रति हाम्रो विश्वास र धैर्यताको जाँच गर्न परमेश्वर शान्त बस्नुहुन्छ।

**“आगोबाट खारिने तर नष्ट भएर जाने सुनभन्दा पनि तिमीहरूको विश्वास मूल्यवान छ। तिमीहरूको यो विश्वास साँचो प्रमाणित होस् र येशू ख्रीष्ट प्रकट हुनुहुँदा प्रशंसा, महिमा र आदरको योग्य बनोस्"** (१ पत्रुस १:७)। परमेश्वरले तपाईंलाई आशिष् देऊन्।

---

*पृष्ठ ६ बाट*

हुने बीचमा नजिकको सम्बन्ध रहेको छ। २ इतिहास १९:११ मा हामीले यसरी पढ्छौं, **...परमप्रभु असल (धर्मी) गर्नेहरूका साथमा होऊन्।** भजनसंग्रह १५:१,२ मा हामीले पढ्छौं, **हे परमप्रभु, तपाईंको पवित्रस्थानमा कसले बास गर्न पाउनेछ? तपाईंको पवित्र पर्वतमा को बस्न पाउनेछ? त्यो मानिस, जसको चाल निर्दोष छ र जसले ठीक-ठीक काम गर्छ र हृदयबाट सत्य (धर्मी) बोल्छ।** परमेश्वरलाई धर्मी पुस्ताको खाँचो छ (लूका १:१७)। **...जसको चाल निर्दोष छ, तिनीहरूका लागि उहाँ ढाल हुनुहुन्छ** (हितोपदेश २:७)। **...आफ्नो पुस्तामा नोआ धर्मी र निर्दोष मानिस थिए...** (उत्पत्ति ६:९)। **...म सर्वशक्तिमान परमेश्वर हुँ। मेरो सामु हिँड् र निर्दोष (धर्मी) भएर बस्** (उत्पत्ति १७:१)। **...परमप्रभुले शैतानलाई सोध्नुभयो, के तैले मेरो दास अयूबलाई याद गरिस्? परमेश्वरको डर राख्ने र दुष्ट कामबाट अलग रहने त्यो जस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन** (अयूब १:८)।

**तिनकी पत्नीले तिनलाई भनिन्, के तपाईं आफ्नो निष्ठामा अझै अडी नै रहनुहुन्छ? परमेश्वरलाई सराप्नुहोस् र मर्नुहोस्** (अयूब २:९)। **मेरो सत्यनिष्ठामा तपाईंले मलाई सम्हाल्नुहुन्छ र सदासर्वदा तपाईंको उपस्थितिमा मलाई राख्नुहुन्छ** (भजनसंग्रह ४१:१२)। **विश्वासमा मेरो साँचो बालक तिमोथीलाई:...** (१ तिमोथी १:२)।

सबैभन्दा पहिले, नोआ आफ्नो पुस्ताका एक्लो व्यक्ति हुन सक्थे। हाम्रो दुष्ट पुस्तामा एक्लै धर्मी ठहरिएर खडा हुनुभएको निम्ति हामीले परमेश्वरलाई धन्यवाद दिन सक्नुपर्छ। परमेश्वरले हामी हरेकलाई भिन्दै प्रतिभाहरू, भिन्दै आवाज, अनुग्रह र अवसरहरू दिनुहुन्छ। जब म आफ्नो कोठामा एक्लै हुन्छु, म परमेश्वरमा प्रार्थना गर्दछु, “म तपाईंको प्रशंसा गर्दछु किनकि तपाईं मसँग हुनुहुन्छ। तपाईं मेरो साथमा नहुनु भएको भए मैले यी सबै थोकहरू गर्न सक्दैनथें।" तपाईंको ईश्वरीय शक्ति र अभिषेकको कारण हामीले यस्ता ठूला कामहरू गर्न सकेका छौं। हामीले चड्गाइ पाएका छौं। आफ्नो पुस्तामा नोआ धर्मी मानिस थिए भनेर परमेश्वरले देख्न सक्नुहुन्थ्यो। हामी पनि धर्मी हुनुपर्छ र परमेश्वरसँगको हिँडाइको अवसरमा आनन्द गर्नुपर्छ।

जब हामीले डाह गर्दैनौं, सबै कुराहरूमा सत्य बोल्छौं र परमेश्वरको भय मान्छौं भने, परमेश्वर हामीसँग हिँड्नुहुनेछ। जब हामी एक्लै रहन्छौं, हामीले परमेश्वरको उपस्थितिको अनुभव गर्न सक्छौं।

दोस्रो, परमेश्वरले नोआलाई बोलावट दिनुभयो र जहाज निर्माण गर्न भन्नुभयो। धेरैले भने,

"परमेश्वरले मलाई एक्लै बोलाउनुभएको होस् र विशेष प्रकारले मलाई बताउनुभएको होस् । त्यसपछि, म उहाँको आज्ञा पालन गर्नेछु ।" परमेश्वर हामीसँग बोल्नुहुन्छ भने हाम्रा कान तिखो हुनुपर्छ र हाम्रा हृदय शुद्ध र खुल्ला हुनुपर्छ । जब हामी सारा छलमा र दाग लागेको विवेकमा संलग्न हुँदै संसारसँग एकै हुन्छौं, उहाँले हामीलाई कहिल्यै अभिषेक गर्नुहुन्न वा हामीसँग बोल्नुहुन्छ ।

हामी परमेश्वरको सन्तानको रूपमा जिउँछौं भने हामीले उहाँको आवाज सुन्न सक्छौं । हामीले परमेश्वरको भय मान्छौं र धार्मिक जीवन जिउँछौं भने उहाँले सबै रोगहरू, समस्याहरू र शोक हटाउनुहुनेछ र उहाँको आवाज सुन्न हामीलाई सक्षम बनाउनुहुन्छ ।

मेरो जीवनमा मैले तीन पटक स्पष्ट रूपमा परमेश्वरको आवाज सुनेको छु । त्यो अत्यन्तै मधुर आवाज थियो । एक पटक उहाँले मेरो नाम बोलाउँदै गर्नुभएको मैले सुन्न सकेको थिएँ । अर्को समयमा, उहाँले मलाई उहाँको सेवकाइको निम्ति बोलाउनुभएको थियो । तेस्रो पटक, जब म बिरामी भएर सुतिरहेको थिएँ, उहाँले मलाई प्रतिज्ञा दिनुभएको थियो । यी अनुभवहरूलाई बचाउन अत्यन्तै कठिन छ ।

प्रिय परमेश्वरका सन्तानहरू, तपाईंले गर्नुभएका सम्पूर्ण असल कामहरू र सामाजिक कार्यहरू बिर्सने उहाँ अन्यायी परमेश्वर हुनुहुन्न (हिब्रू ६:१०) । उहाँ धार्मिक परमेश्वर हुनुहुन्छ । तपाईं उहाँको अघि धर्मी हुनुहुन्छ र उहाँको अघि सक्षम व्यक्तिको रूपमा आफैंलाई परिणत गर्नुहुन्छ भने उहाँ निश्चय नै तपाईंसँग हिँड्नुहुनेछ । तपाईंले उहाँको सोर पनि सुन्न सक्नुहुन्छ । यी सबैभन्दा माथि, उहाँले आफ्नो इच्छा पूरा गर्न तपाईंलाई अनुग्रह प्रदान गर्नुहुनेछ ।

परमेश्वरको काममा हामीले गरेको समर्पणतामाथि परमेश्वरको आशिष् निर्भर हुन्छ । हामीले निश्चय नै उहाँको सोर सुन्न सक्छौं ।

तेस्रो, नोआले पनि परमेश्वरबाट काम पाएका थिए । परमेश्वरबाट कुनै आज्ञा प्राप्त नगरेको सेवकहरूका रूपमा हामी रहनुहुँदैन । जब तपाईंले आफैंलाई पूर्णरूपमा समर्पित गर्नुहुन्छ, परमेश्वर तपाईंसँग हिँड्नु भएको तपाईंले देख्न सुरु गर्नुहुन्छ । किनभने हामी उहाँको अनुग्रह र उहाँको प्रेममा हामी छैनौं, हामीले ठीक प्रकारमा उहाँको काम गर्न असफल हुन्छौं । जब हामीले आफ्नै तरिकामा काम गर्छौं, हामीले असफलता हात पार्छौं । तर जब हामीले परमेश्वरको इच्छाभित्र काम गर्छौं, यसले हामीलाई ठूलो शक्ति दिन्छ ।

अर्को कुरा, परमेश्वरले हामीलाई छनोट गर्नुहुन्छ । त्यसैले, हामीले सीपहरू विकास गर्छौं । उहाँले हाम्रा काममा पनि इनामहरू दिनुहुन्छ । कहिलेकाहीं हामीले केही सेवकहरूका अभिभावकहरूले भनेका शब्द सुन्छौं, "मेरो छोराले प्रभुको सेवा गर्न छनोट गरेको छ । ऊ कसरी जिउन लागेको छ भनेर म छक्क पर्छु ।" परमप्रभुको राज्यको निम्ति काम गर्नेहरू संसारमा सबैभन्दा महान् व्यक्तिहरू हुन् । परमेश्वरको राज्यको निम्ति काम गर्नेहरूलाई उहाँले आशिष् दिन चाहनुहुन्छ । परमेश्वरले दिनुभएका सबै काम पूरा गर्न नोआ सक्षम पनि भएका थिए ।

धेरै पटक, परमेश्वरले दिनुभएको योजनाहरू हामीले स्वीकार गर्न असक्षम हुन्छौं । यो हाम्रो क्षमताभन्दा बाहिर हुन्छ भने हामीले अचम्म मान्न सुरु गर्छौं । परमेश्वरले हामीले जे गरेको चाहनुहुन्छ, हामी हरेकले त्यही गरेको चाहनुहुन्छ । परमेश्वरले हामीलाई जे गर्न भन्नुभएको छ, हामीले ठीक त्यही नै गर्नुपर्छ, त्यो जे भए पनि ।

अन्त्यमा, हामीले पढ्छौं, ...**परमेश्वरले नोआलाई आज्ञा गर्नुभएबमोजिम तिनले सबै गरे** (उत्पत्ति ६:२२) । परमेश्वरले सुरु गर्नुभएको कुरालाई उहाँले नै पूर्ण गर्नुहुनेछ । तपाईंको जीवनमा उहाँले जे कुरा सुरु गर्नुभएको छ, उहाँले पूरा गर्नुहुनेछ । उहाले तपाईंलाई जे उद्देश्यको साथमा बोलाउनुभएको छ, उहाँले निश्चय नै त्यो पूरा गर्नुहुनेछ । **तपाईंले केवल आफैंलाई सधैं परमेश्वरको भय मान्ने व्यक्तिमा परिणत गर्नुपर्छ । परमेश्वरको दृष्टिमा सत्य बोल्ने हुनुहोस् ।** झुट नबोल्नुहोस् । धेरैले सत्य बोल्ने चाहना गर्छन् । तर त्यसअघि तिनीहरूले झुट बोल्दछन् । **परमेश्वरले झुट बोल्नेहरूलाई प्रयोग गर्नुहुनेछैन ।** डाह नगर्ने मानिसको रूपमा आफैंलाई परिवर्तन गर्नुहोस् । डाह गर्नेलाई घृणा गर्ने प्रयास गर्नुहोस् ।

**परमप्रभु असल गर्नेहरूका साथमा होऊन् ! (२ इतिहास १९:११)**

************


**We're HIRING**

Qualified, Expeienced & Mission Minded Candidates for

Medavakkam
ST. PAUL'S MATRICULATION SCHOOL :

- PRINCIPAL
- TEACHERS (Social Science, KG etc.,)

for Head Office @ CHEPAUK :

- DTP OPERATORS
- COMPUTER OPERATORS (with Typing)
- DRIVERS

E.mail : samselvaraj333@gmail.com

✆ 97908 05460 / 044- 2852 8282


## कृपया ध्यान दिनुहोस् !

### पास्टर एस. साम सेल्भाराजको जीवनी !

पास्टर एस. साम सेल्भाराजको जीवनी पुस्तकको ढाँचामा प्रकाशन गर्न हामी अन्तिम चरणमा छौं । उहाँको सेवकाइबाट परमेश्वरले तपाईंको आत्मिक वृद्धिमा कसरी प्रभाव पार्नुभयो भनेर करिब दश वाक्यमा लेखेर तपाईंका गवाहीहरू पठाइदिनुहुन हामी अनुरोध गर्दछौं । यसका अतिरिक्त, जीवनीमा समावेश गर्नको लागि तपाईंले फोटो उपलब्ध गर्न सक्नुहुन्छ भने हामी त्यसको कदर गर्दछौं ।

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## Echo of His Call

**YouTube**
*Please subscribe*

Kindly view and subscribe our **Echo of His Call YouTube Channel** when you get time. Thanks.
**- Editor**

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/24-26**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**
**on 16th AUGUST 2024**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**